नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
पानीपोखरी, काठमाण्डौ

फोन नं.:-
०१४५१३७४४
०१४००६६६७

# सूचना । सूचना । सूचना।

सूचना प्रकाशन मितिः-२०८० आश्विन २३

श्री नगर कार्यपालीकाको कार्यालय, सबै।
श्री गाउँ कार्यपालीकाको कार्यालय, सबै।

खानेपानी तथा ढल व्यवस्थापन विभागवाट संचालित ढल निर्माण तथा प्रशोधन कार्यक्रम अन्तर्गत लागत साझेदारीको अवधारणामा (कुल लागतको ५०% नेपाल सरकार र ५०% नगरपालिका/ गाउँपालिका को तर्फवाट) तपसिलका शर्तहरुको अधीनमा रही सार्वजनिक शौचालय निर्माणका लागि शौचालय आवश्यक हुने नगरपालिका/गाउँपालिकाहरुले सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र सम्बन्धित संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालयहरुमा मागको लागि पत्र मार्फत जानकारी दिनु हुन अनुरोध छ।संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरुको विवरण र समझदारी — पत्रको नमुना यस विभागको Website: **www.dwssm.gov.np** बाट हेर्न सकिनेछ ।

<u>तपसिल</u>

- सार्वजनिक शौचालयको संरचना निर्माणको कुल लागत अनुमानको ५०% ले हुन आउने रकम सम्बन्धित स्थानीय तहले उपलब्ध गराउनुपर्नेछ।
- सार्वजनिक शौचालय निर्माणका लागि आवश्यक जग्गा सम्बन्धित स्थानीय तहले उपयुक्त स्थानमा उपलब्ध गराउनु पर्नेछ।
- सार्वजनिक शौचालयको डिजाइन, लागत अनुमान तयारी तथा सुपरिवेक्षणको जिम्मेवारी सम्बन्धित संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको हुनेछ।
- सार्वजनिक शौचालय संचालन गर्ने, नियमित रूपमा पानी आपूर्ति गर्ने र मर्मत सम्भार लगायत सम्पूर्ण व्यवस्थापकीय कामकाज गर्ने जिम्मेबारी सम्बन्धित स्थानीय तहको हुनेछ।

## सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन कार्यान्वयन गर्न

## संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय, ....... र ........नगरपालिका/गाउँपालिकाबीच

## भएको

# समझदारी-पत्र

(Memorandun of Understanding)

लागत साझेदारीको अवधारणामा (कुल लागतको ५०% नेपाल सरकार र ५०% नगरपालिकाको तर्फ) तपसिलका शर्तहरुको अधीनमा रही सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन कार्यको कार्यान्वयन गर्ने/गराउन संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना र नगर/गाउँ कार्यपालिकाको कार्यालयबीच आज मिति ........./...../...... मा निम्न अनुसार समझदारी गरी दियौं लियौं ।

आयोजनाको विवरण

१.आयोजनाको नामः- सार्वजनिक शौचालय निर्माण

२. लाभान्वित जनसंख्या (आधार वर्ष) :-

३. आयोजना कार्यान्वयन हुने नगरपालिका/गाउँपालिका र वडाहरुः-

४. निर्माण हुने स्थानः-

५. आयोजना शुरु हुने मितिः-आ.व

६. आयोजना सम्पन्न हुने मितिः-आ.व.

७. कुल लागत इष्टिमेट रकमः- रु.

(अक्षरेपी रु. )

नेपाल सरकार र स्थानीय तहले गर्ने सहकार्यको विवरणः-

<u>तालिका</u>

| क्र.स. | विवरण | कुल लागतको | | कैफियत |
|---|---|---|---|---|
| | | प्रतिशत | रकम रु | |
| | | | | |
| १. | स्थानीय तहको योगदान | ५०% | | |
| २. | नेपाल सरकारको योगदान | ५०% | | |
| | | | | |
| | कुल जम्मा | १००% | | |

## सम्झौताका शर्तहरुः-

### १.संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालयले पालना गर्नुपर्ने शर्तहरुः-

१.१. सार्वजनिक शौचालयको डिजाइन लागत इस्टिमेट तयार गरी स्वीकृत गर्ने/गराउने ।

१.२. सार्वजनिक शौचालयको कुल लागतको ५०% रकम नेपाल सरकार मार्फत उपलब्ध गराउन आवश्यकता अनुसार कार्यक्रमहरु तयार गरी खानेपानी तथा ढल व्यवस्थापन विभागमा पेश गर्ने।

१.३. नेपाल सरकारको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली एवं निर्देशिकाहरु समेतको परिधिभित्र रही ठेक्का पट्टाको बन्दोबस्त गरी खरिद तथा निर्माण कार्य गर्ने/गराउने ।

१.४ तालिका बमोजिम स्थानीय तहले स्वीकार गरेको सहकार्य समेत गरी सम्पूर्ण निर्माण कार्यको एकमुष्ट ठेक्का पट्टा गर्ने। यसको लागि सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय गर्ने।

१.५. तालिम

सार्वजनिक शौचालय सञ्चालनमा सघाउ पुर्‍याउन व्यवस्थापकीय, वित्तीय, प्राविधिक तथा स्वास्थ्य र सरसफाइ सम्वन्धी तालिमको आवश्यक व्यवस्था गर्ने ।

१.६. गुणस्तर नियन्त्रण र निर्माण सुपरीवेक्षणः-

सम्पूर्ण निर्माण कार्यको गुणस्तर नियन्त्रण र निर्माण सुपरीवेक्षण गर्ने/ गराउने तथा आयोजना निर्माण कार्यको क्रममा प्रयोग हुने निर्माण सामग्री लगायत सम्पूर्ण संरचनाहरुको गुणस्तर नियन्त्रण र निर्माण सुपरीवेक्षणको काम गर्नुपर्नेछ ।

१.७. अनुगमन तथा मूल्याङ्कन

अनुगमन र मूल्याङ्कन गर्नुपर्ने प्रावधानमा भएअनुसार सार्वजनिक शौचालयको सम्पन्न प्रतिवेदन सहितको आधारभूत तथ्याङ्कहरु संकलन गरी अध्यावधिक रुपमा राख्ने ।

१.९. सम्पन्न प्रतिवेदन

सार्वजनिक शौचालय अन्तर्गत निर्माण हुने सम्पूर्ण संरचनाहरुको काम सम्पन्न भइसकेपछि संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालयले आयोजना सम्पन्न प्रतिवेदन तयार गरी सो प्रतिवेदनमा स्थानीय तहको समेत सहमति प्राप्त गर्ने, उक्त शौचालयको स्थानीय तहलाई स्वामित्व प्रदान गर्ने, आयोजनाका नक्साहरु स्थानीय तहलाई हस्तान्तरण गर्ने ।

## २. नगरपालिका/गाउपालिकाले पालना गर्नुपर्ने शर्तहरुः-

२.१. यो समझदारी गरेको समयमा आयोजनाको कुल लागत अनुमानको ५०% ले हुन आउने रकम उपलब्ध गराउने।

२.२. सार्वजनिक शौचालय कार्यान्वयनका लागि सम्पूर्ण निकायहरुसंग समन्वय गरी आइपरेका बाधा व्यवधान हटाउन प्रयास गर्ने तथा निर्माण प्रगतिको निरन्तर सुपरीवेक्षण गर्ने।

२.३. सार्वजनिक शौचालय सम्बन्धी भइरहेको कामको निरन्तर निगरानी राख्ने र कुनै प्रकारको ढिला सुस्ती देखिएमा सम्बन्धित व्यक्ति तथा निकायसंग सम्पर्क स्थापित गरी तत्कालै समाधान गर्न प्रयत्नशील रहने तथा चाहिएका बखत आवश्यक सुझाव र सल्लाह प्रदान गर्ने ।

२.४. सार्वजनिक शौचालय निर्माणका लागि आवश्यक जग्गा उपयुक्त स्थानमा उपलब्ध गराउने ।

२.५. सार्वजनिक शौचालय निर्माण तथा त्यसको उचित प्रयोग र मर्मत सम्भारबारे उपभोक्ताहरुलाई उत्प्रेरित गर्ने।

२.६. महिला सहभागिता

खानेपानी र सरसफाइ कार्यक्रममा महिला सहभागिताको आवश्यकता र महत्वबारे उपभोक्ताहरुमा प्रत्याभूति गराउन नियमित रुपमा छलफल, विचार विमर्श र अन्तरक्रिया गरी महिला सहभागिताका लागी प्रोत्साहन गर्नु पर्ने ।

२.७. निरिक्षण र अनुगमन

ठेकेदारबाट प्रयोग हुने निर्माण सामग्रीहरुको गुणस्तरमा विश्वस्त हुनको साथै निर्माण हुने संरचनाहरुको गुणस्तर नियन्त्रणमा समेत नियमित अनुगमन गर्न संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनालाई सहयोग गर्ने । निर्माण सामग्री तथा निर्मित संरचनाहरुको गुणस्तर कायम हुन नसकी तथा निर्माण काममा समेत ढिलासुस्ती भइ आयोजनालाई असर पर्ने सम्भावना देखिएमा तत्कालै समस्या समाधान गर्न तर्फ आवश्यक सहयोग गर्नु पर्नेछ ।

२.८. आयोजना सम्पन्न प्रतिवेदन सार्वजनिक शौचालय अन्तर्गत निर्माण हुनुपर्ने सबै संरचनाहरु पूरा भइसकेपछि संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालयबाट तयार गरिने सम्पन्न प्रतिवेदनमा छलफल गरी सहमति प्रदान गर्नु पर्नेछ ।

२.९. सार्वजनिक शौचालय संचालन र मर्मत सम्भार

सार्वजनिक शौचालय संचालन गर्ने, नियमित रूपमा पानी आपूर्ती गर्ने र मर्मत सम्भार लगायत सम्पूर्ण व्यवस्थापकीय कामकाज गर्ने जिम्मेबारी सम्बन्धित स्थानीय तहको हुनेछ।

३. लागत साझेदारी तथा भुक्तानी सम्बन्धी व्यवस्था :-

३.१. शौचालय निर्माणको लागि नेपाल सरकार र सम्बन्धित स्थानीय तहबीच ५०%-५०% लागत साझेदारी हुनेछ।

३.२. निर्माण कार्यको भुक्तानीका सम्बन्धमा प्रत्येक रनिङ विलको ५०% संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना र ५०% सम्बन्धित स्थानीय तहले गर्नुपर्नेछ।

३.३. आफ्नो जिम्मेवारीभित्रको भुक्तानी दिने, त्यसको श्रेस्ता राख्ने र लेखापरीक्षण गराउने जिम्मा तत् तत् निकायको हुनेछ।लेखापरीक्षणको समयमा दुवै निकायले आपसी समन्वय गर्नुपर्नेछ।

४. सम्झौता सम्बन्धी अन्य शर्तहरु:-

४.१. सार्वजनिक शौचालयको निर्माण कार्य निर्धारित कार्ययोजना एवं कार्यतालिका र स्वीकृत कार्यक्रम अनुरुप क्रमबद्ध एवं निरन्तर रुपमा संचालन गर्नुपर्दछ ।

४.२. सेवा संचालनको क्रममा सार्वजनिक शौचालयका संरचनाहरुमा मूलभूत परिवर्तन गर्न आवश्यक देखिएमा खानेपानी तथा ढल व्यवस्थापन विभागको पूर्व सहमति लिनुपर्नेछ ।

नगरपालिका/गाउपालिकाको तर्फबाट

सहीः-

नामः-

दर्जाः-

मितिः-

संस्थाको छापः-

कार्यालयको तर्फबाट

सहीः-

नामः-

दर्जाः-

मितिः-

कार्यालयको छापः-

साक्षीहरुः-

सहीः-

नामः-

दर्जाः-